मकालु गाउँपालिका
MAKALU RURAL MUNICIPALITY
गाउँ कार्यपालिकाको कार्यालय
Office of Rural Municipal Executive
स्था: २०७३ (Est. 2073)

पत्र संख्या: २०८१/०८२
Ref. No.: 2081/082
चलानी नं: १०८०
Dispatch No.:

नुम, सङ्खुवासभा
Num, Sankhuwasabha
कोशी प्रदेश, नेपाल
Koshi Province, Nepal

मितिः २०८१/१०/२७

**विषयः खुल्ला अन्तर-पालिका स्तरीय पुरुष भलिबल प्रतियोगिता-२०८१ को सम्बन्धमा ।**

प्रस्तुत विषयमा **"मकालु महोत्सव २०८१ तथा दक्षिण एसियाली साहित्यिक सांस्कृतिक सम्मेलन"** को पावन अवसरमा मकालु गाउँपालिकाद्वारा आयोजित खुला अन्तर पालिका स्तरीय पुरुष भलिबल प्रतियोगिता सञ्चालन हुने भएको हुँदा इच्छुक पालिकाहरूलाई खेलमा सहभागिताका लागि यो सूचना प्रकाशन गरिएको छ।

**पुरस्कारहरू:**

प्रथम : रू. २,५०,०००। -शिल्ड, मेडल र प्रमाण पत्र ।
द्वितीय : रु १,२५,०००।- शिल्ड, मेडल र प्रमाण पत्र।
तृतीय : रु ६०,०००। - शिल्ड, मेडल र प्रमाण पत्र।
सान्त्वना : रु ४०,०००। - शिल्ड, मेडल र प्रमाण पत्र।

उत्कृष्ट खेलाडी : रु ३,५००। - मेडल र प्रमाण पत्र ।
बेष्ट स्पाइकर : रु २,५००।- मेडल र प्रमाण पत्र।
बेष्ट सेटर : रु २,५००।- मेडल र प्रमाण पत्र
बेष्ट ब्लकर : रु २,५००।- मेडल र प्रमाण पत्र।
बेष्ट सरबर : रु २,५००।- मेडल र प्रमाण पत्र।
बेष्ट डिफेन्डर : रु २,५००।- मेडल र प्रमाण पत्र।

**खेलका नियमहरू:**

१. टिम दर्ताका लागि सम्बन्धित स्थानीय तहको सिफारिस पत्र अनिवार्य संलग्न गर्नु पर्नेछ ।
२. खेलाडी संख्या टिम कोच(१) र टिम व्यवस्थापक (१) सहित जम्मा १२ जना हुनु पर्नेछ । १० जना खेलाडी बाहेक अन्य खेलाडीलाई खेलाउन पाईनेछैन ।
३. खेल FIVB को नियम अनुसार खेलाईनेछ ।
४. प्रत्येक पालिकाले बढीमा ३ जना सम्म बाहिरी खेलाडी समावेश गर्न पाउनेछ, अन्य खेलाडीको हकमा बसाइ सरी आएको खण्डमा यो सूचना प्रकाशित भएको मितिमा ६ महिना पुगेको खेलाडीलाई मात्र खेलमा सहभागी गराईनेछ ।
५. खेलाडीले खाने बस्ने आफै व्यवस्थापन गर्नु पर्नेछ ।
६. खेलाडीले अनिवार्य रूपमा खेल पोशाक लगाउनु पर्नेछ र खेल पोशाकमा नम्बर स्पष्ट देखिने हुनु पर्नेछ ।
७. खेल लिकम नकआउटको आधारमा खेलाइनेछ ।
८. आयोजकले तोकेको समयमा खेलाडीहरू उपस्थित भइसक्नु पर्नेछ, अन्यथा वाक ओभर गरिनेछ ।
९. गाउँपालिकाबाट उपलब्ध हुने खेलाडी दर्ता फाराम अनिवार्य रूपले भर्नु पर्नेछ साथै परिचय खुल्ने प्रमाण-पत्र समेत साथमा लिई आउनु पर्नेछ ।यो फाराम यसै सूचना साथ संलग्न गरिएको छ ।
१०. कुनै पनि खेलाडी माथि उजुरी गर्नु परेमा प्रति खेलाडी रू.१०००।- शुल्क सहित निवेदन दर्ता गर्नु पर्ने छ, र सो शुल्क फिर्ता हुने छैन ।
११. आयोजकले कुनै पनि खेलाडी माथि उजुरी परेको सूचना गरेमा सम्बन्धित खेलाडीले १ घण्टा भित्र आफ्नो पहिचान खुल्ने कागजात बुझाउनु पर्नेछ ।
१२. खेलमा कुनै विवाद आएमा आयोजक र रेफ्रीको निर्णय नै अन्तिम निर्णय हुनेछ ।
१३. टिम दर्ता अन्तिम मितिः २०८१ फाल्गुण १२ गते बेलकी ५:०० सम्म
१४. मितिः २०८१ फाल्गुण १३ गते टिम र खेलाडीको नाम (टाइसिट) प्रकाशन गरिनेछ ।
१५. टिम दर्ता शुल्कः रु २,५००। अक्षरेपि रु दई हजार पाँच सय मात्र ।
१६. भलिबल खेल सञ्चालन हुने स्थानः मकालु गाउँपालिका वडा नं.-५, नुम, सङ्खुवासभा ।
१७. खेल उद्घाटन मितिः २०८१ फाल्गुण १४ गते ११:०० बजे।
१८. खेल समापन मितिः२०८१ फाल्गुण १७ गते

थप जानकारीको लागिः
खेल संयोजकः मिलन पोखेल, ९८६३७५१४२१, जोन तामाङ ९८४०९७७६१२,
पुष्प बहादुर तामाङः ९८६२२८०२१०, कोषराज नेपाल ९८५११६०४७९

२०८१/१०/२६

इन्द्र बहादुर दर्जी
प्रमुख प्रशासकीय अधिकृत